आज मिति २०८३ साल असार ३ गते बुधबारका दिन आमचोक गाउँपालिकाका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षता तथा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायबमोजिमको निर्णय गरियो।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा बहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री जनक बस्नेत | |

20८3।03।03

प्रमुख प्रशासकीय अधिकृत

08३।3।3

अशोक राई
अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर

**प्रस्तावहरु**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२. हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धमा।

३. छात्रवृत्ति वितरण सम्बन्धमा।

४. तह वृद्धि सिफारिस समिति गठन सम्बन्धमा।

५. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्ने सम्बन्धमा।

६. जेष्ठ नागरिक सम्मान सम्बन्धमा।

७. बजार अनुगमन प्रतिवेदन सम्बन्धमा।

८. लकडी ढुवानीमा रोक सम्बन्धमा।

९. अपाङ्गता रोकथाम सम्बन्धी कार्यक्रम अनुमोदन सम्बन्धमा।

१०. वडा कार्यालय भवन निर्माणका लागि जग्गा पास गर्ने सम्बन्धमा।

११. करदाता सेवा कार्यालयको सेवा सुचारु गर्ने सम्बन्धमा।

**निर्णयहरु**

१. आमचोक गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकहरुमा गरिएका निर्णयहरुको सम्बन्धमा छलफल गर्दा निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइयो।

२. प्रस्ताव नं. २ माथि छलफल हुँदा आमचोक गाउँपालिकाको हेभी इक्वीपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ लाई स्वीकृत गर्ने निर्णय गरियो।

३. (क) प्रस्ताव नं. ३ उपर छलफल हुँदा आमचोक गाउँपालिकाको मिति २०८३।०२।०७ गतेको १६ औं गाउँकार्यपालिकाको बैठकको निर्णयबमोजिम यस गाँउपालिकामा स्थायी ठेगाना भई, भोजपुर बहुमुखी क्याम्पसमा अध्ययनरत छात्र छात्राहरुलाई विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत भर्ना शुल्क, मासिक शुल्क र अन्य शुल्कको शोध भर्नाका लागि प्रकाशित सूचना बमोजिम आवेदन पेश गर्ने तपसिल बमोजिमका १२ जना छात्र छात्राहरुलाई बिल बमोजिम कुल जम्मा १५८८३८।०० बराबरको विशेष छात्रवृत्ति प्रदान गर्ने।

| क्र.सं. | नाम, थर | ठेगाना | खाता नं. | पाउने रकम |
|---|---|---|---|---|
| १. | सुजना तामाङ्ग | आमचोक-७, हर्दिला | सिद्धार्थ बैंक 02615165422 | ११९९५ |
| २. | सुनिता तामाङ्ग | आमचोक-७, हर्दिला | सिद्धार्थ बैंक 02615165422 | ११९९५ |
| ३. | सिर्जना राई | आमचोक-६, देवानटार | NIC ASIA 1165752770644001 | ८५४५ |
| ४. | सन्तोष राई | आमचोक-३, थिदिखा | सिद्धार्थ बैंक 55500820816 | ९४७४ |
| ५. | मिसान तामाङ्ग | आमचोक-७, देवानटार | सिद्धार्थ बैंक 02619260530 | १३९२९ |
| ६. | सुमित्रा नेवार | आमचोक-७, हर्दिला | सिद्धार्थ बैंक 55503103844 | ११९९५ |
| ७. | बिपना मगर | आमचोक-७, बसाईगाउँ | सिद्धार्थ बैंक 55505527075 | ११९९५ |
| ८. | सञ्जय राई/सन्तोष | आमचोक-७, साँगुरी | सिद्धार्थ बैंक 55500820816 | १३५४५ |
| ९. | जयन्ती राई/चन्द्र कुमारी | आमचोक-६, देवानटार | सिद्धार्थ बैंक ५५५१२२२०९३० | १३३९५ |

प्रमुख प्रशासकीय अधिकृत

०८३।३।३

अशोक राई
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १०. | दिपिका राई/तिर्थ कुमारी | आमचोक-१०, पाँचा | सिद्धार्थ बैंक ०२६१५३९३०२५ | १३५७५ |
| ११. | विकास राई | आमचोक-५, पावला | रा.व. बैंक २०४०१०००२७२५३०१० | २५००० |
| १२. | पुष्पा दाहाल/दल बहादुर | आमचोक-६, देवानटार | सिद्धार्थ बैंक ०२६१५१०८३१३ | १३३९५ |
| | | जम्मा | | १५८८३८ |

(ख) यस कार्यालयबाट प्रकाशित सूचना बमोजिम एस.ई.ई उतिर्ण भई विज्ञान संकाय तर्फ (I.Sc) अध्ययनका लागि आवेदन दिने तपसिल बमोजिमका ७ जना विद्यार्थीहरुलाई सरकारी विश्वविद्यालयका आंगिक क्याम्पसमा अध्ययन गर्ने भएमा शत प्रतिशत र अन्य निजी शैक्षिक संस्थामा अध्ययन गर्ने भएमा सरकारी आंगिक क्याम्पसमा लाग्ने शुल्क बराबरको रकम भुक्तानी दिने, प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद् (CTEVT) को सम्बन्धन प्राप्त शिक्षालयमा हे.अ., कृषि बालि विज्ञान तर्फ अध्ययनका लागि आवेदन पेश गर्ने विद्यार्थीहरुको सम्पूर्ण शुल्क भुक्तानी गर्ने साथै हाल अध्ययनरत रही छात्रवृतिको लागि निवेदन पेश गर्ने प्रकृति कार्की र संज्ञान पराजुलीको आगामी आर्थिक वर्षमा दोस्रो सेमेस्टर बाट लागू हुने गरी सरकारी विश्वविद्यालयको आंगिक क्याम्पसमा लाग्ने शुल्क बराबरको रकम भुक्तानी गर्ने।

| क्र.सं. | नाम, थर | ठेगाना | GPA | अध्ययन गर्न चाहेको कार्यक्रमको नाम |
|---|---|---|---|---|
| १. | निमेश मगर | आमचोक-९ | ३.२१ | विज्ञान संकाय तर्फ (ISC) |
| २. | प्रजल भण्डारी | आमचोक-३ | ३.४१ | विज्ञान संकाय (ISC) |
| ३. | अनिसा श्रेष्ठ | आमचोक-९ | ३.१७ | विज्ञान संकाय(ISC) |
| ४. | विवश श्रेष्ठ | आमचोक-९ | ३.१० | विज्ञान संकाय(ISC) |
| ५. | संगिता भुजेल | आमचोक-२ | २.८ | विज्ञान संकाय(ISC) |
| ६. | गिता भुजेल | आमचोक-२ | २.९ | विज्ञान संकाय(ISC) |
| ७ | प्रकृति कार्की | आमचोक-१ | ३.२४ | विज्ञान संकाय ( BSC) |
| ८ | पबिना राई | आमचोक-७ | ३.११ | विज्ञान संकाय (ISC) |
| ९ | आकृति कार्की | आमचोक-१ | ३.४९ | सिभिल इन्जिनियरिङ्ग |
| १० | चासुम राई | आमचोक-४ | २.९२ | कृषि बालि विज्ञान |
| ११ | विनिषा राई | आमचोक-१० | २.६१ | हे.अ. |
| १२ | सबिना वि.क. | आमचोक-१० | २.६५ | हे.अ. |
| १३ | सगुन मगर | आमचोक-८ | ३.२३ | हे.अ. |
| १४ | संज्ञान पराजुली | आमचोक-४ | ३.०८ | B.Tech |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (३) बमोजिम तह वृद्धिका लागि सूचना प्रकाशन गरिएको हुँदा तोकिएको समयभित्र आवेदन पेश गर्ने सम्भाव्य उम्मेदवारहरुको तह वृद्धिको सिफारिस गर्नका लागि ऐ. ऐनको दफा २७ को उपदफा (४) मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लेख भएअनुसारको तह वृद्धि सिफारिस समित गठन गर्ने निर्णय गरियो:-

प्रमुख प्रशासकीय अधिकृत

०८३।३।३

अध्यक्ष

क) प्रमुख प्रशासकीय अधिकृत श्री जनक वस्नेत- संयोजक

ख) तथ्यांक अधिकृत श्री धन कुमार राई -सदस्य

ग) सि.अ.न.मी निरीक्षक (अधिकृत छैठौं) अमृत बनेम- सदस्य

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस आमचोक गाउँपालिकाको कार्यप्रकृति, कार्यबोध र औचित्य समेतको विश्लेषण गरी दरबन्दी संरचनालाई वस्तुपरक बनाउने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नका लागि पूर्व स्वीकृती प्रदान गर्ने साथै स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ को उपदफा (२)(ख) र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को दफा ७ को उपदफा (१)(ङ) तथा ऐ. मापदण्डको दफा १० को उपदफा (४) र (५) मा उल्लेख भएबमोजिम दरबन्दी संरचना नबढ्ने गरी देहायको सर्वेक्षण समिति गठन गर्ने, समितिको खर्च सम्बन्धी व्यवस्था कोशी प्रदेश सरकारबाट जारी भएको सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ को परिच्छेद ३ बमोजिम हुने साथै उक्त समिति स्वंयले सर्वेक्षणको सम्पूर्ण कार्य सम्पादन गर्न सम्भव नहुने अवस्था रहेमा विषय विज्ञको परामर्श सेवा लिई आवश्यक प्रक्रिया अगाडी बढाउने।

देहाय

१. प्रमुख प्रशासकीय अधिकृत- संयोजक

२. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

३. प्रशासन शाखा प्रमुख – सदस्य सचिव

६. आमचोक गाउँपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुका लागि जेष्ठ नागरिक मञ्च, भोजपुरबाट ८ थान ज्याकेट र टोपी प्राप्त भएको र गाउँपालिकाको तर्फबाट समेत सोही प्रकृतिका सामग्री खरिद गरी यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने ९५ वर्ष माथिका सम्पूर्ण नागरिकहरुलाई प्रतिव्यक्ति १-१ थानका दरले सम्मान स्वरुप वितरण गर्ने निर्णय गरियो।

७. यस गाउँपालिकाको बजार अनुगमन समितिले पेश गरेको प्रतिवेदन सम्बन्धमा छलफल भयो। सो प्रतिवेदनमा उल्लेख भएबमोजिम बजारमा म्याद गुज्रिएका सामानहरु अझैपनि बजारमा पाइएको हुँदा आगामी दिनमा नियमित रुपमा अनुगमन गरी आम उपभोक्तामा जनचेतना प्रदान गर्ने साथै गलत कार्य गरी व्यापार व्यवसाय गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड जरिवाना गर्ने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ माथि छलफल हुँदा यस आमचोक गाउँपालिका भएर उतिस लगायतका काष्ठजन्य पदार्थ ढुवानी हुँदै आएकोमा वर्षातको समयमा ढुवानीजन्य कार्य गर्दा सडक बिग्रिई आवतजावतमा कठिनाई भई अति आवश्यक खाद्यान्न सामग्रीको ढुवानी तथा एम्बुलेन्स सेवा समेत अवरुद्ध हुन सक्ने साथै दुर्घटनाजन्य घटनाको समेत उच्च जोखिम हुने हुँदा काष्ठजन्य व्यवसायीहरु सँगको छलफल र परामर्श समेतको आधारमा यस गाउँपालिका क्षेत्रबाट मिति २०८३।०४।०१ देखी मिति २०८३।०५।१५ सम्म काष्ठजन्य (लकडी) सामग्रीको ढुवानी कार्यमा रोक लगाउने ।

प्रमुख प्रशासकीय अधिकृत

आशोक राई
अध्यक्ष

९. प्रस्ताव नं. ९ माथि छलफल हुँदा अपाङ्गता परिचयपत्र वितरण समितिको मिति २०८३/०३/०१ को बैठकबाट अपाङ्गता भएका व्यक्तिहरुका लागि व्यवसाय/रोजगारी प्रवर्द्धन अनुदानका लागि विनियोजित रकम रु.२,१०,०००।०० अपाङ्गता भएका १० जना व्यक्तिहरुलाई छनौट गरी निजहरुलाई अनुदान बापत रकम उपलब्ध गराउने गरी भएको निर्णयलाई अनुमोदन गर्ने।

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा आमचोक गाउँपालिका वडा नं. २ यूँमा वडा कार्यालयको भवन निर्माणका लागि जग्गाधनी आमचोक गाउँपालिका वडा नं. २ साविक वडा नं. ३ बस्ने रिपुन्ज शेर्पाको नाति शुकविर शेर्पाको छोरा वर्ष ६८ को दोछिरी शेर्पले साविक पञ्चकन्या गा.वि.स. वडा नं. ८ को कित्ता नं. २२७, क्षेत्रफल १३-२-३-२ रोपनी मध्येबाट २-०-०-० रोपनी जग्गा निःशुल्क दिने भनी मञ्जुरीनामा दिनुभएको, उक्त जग्गा हालको वडा कार्यालय रहेको जग्गा सँग जोडिएको, वडा कार्यालय भवन निर्माणको लागि उपयुक्त, पर्याप्त र वडाको लगभग मध्य भागमा पर्ने जग्गा भएकोले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ को दफा ५ को उपदफा (२) बमोजिम गठित समिति समक्ष आवश्यक प्रक्रिया अगाडी बढाइदिनका लागि सिफारिस गरी पठाउने।

११. प्रस्ताव नं. ११ माथि छलफल हुँदा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०७।१७ को निर्णयानुसार देशभरका करदाता सेवा कार्यालयहरु खारेज भई "करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य सञ्चालन कार्यविधी, २०८२" बमोजिम करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै आएको सेवा प्रवाह सम्बन्धित स्थानीय तहबाटै सम्पादन हुने निर्णय भएबमोजिम उक्त सेवा प्रवाह गर्न यस आमचोक गाउँपालिका, भोजपुर समेत ईच्छुक तथा प्रतिवद्ध रहेको हुँदा उक्त सेवा सञ्चालन एवम आवश्यक व्यवस्थापनका लागि आन्तरिक राजस्व कार्यालय धरान मार्फत आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा सिफारिस गरी सोका लागि व्यवस्थापनका कार्यका साथै MOU अगाडी बढाउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

८३।३।३

अशोक राई
अध्यक्ष